

# अध्याय -3

## महान् विवादहरू

*यस अध्यायका मुल पदहरू:* मर्कूस २:१-३:६, मिका ६:६-८, १ शमूएल २१:१-६, मर्कूस ३:२०-३५, लूका १२:५३ र लका १४:२६।

***यस अध्यायको मुल सार पद:*** **"तिनीहरूलाई उहाँले भन्नुभयो, "शबाथ-दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको निम्ति होइन। यसैकारण मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो।" मर्कूस २:२७-२८।**

धार्मिक अगुवा, पण्डित र शिक्षकहरूको शिक्षा, दर्शन वा विद्याको बिपरित येशूका शिक्षा वा विद्या कस्तो थियो भनेर मर्कूस २:१-३-६मा खुलासा गरिएको छ। त्यसलाई चित्रण गर्न यस अँशमा पाँचवटा कथाहरू छन्। एक पछि अर्को कथामा विशेष ढाँचाहरू छन्। ती कथाहरूमा समानान्तर विषयहरू छन् जुन एक आपससँग सम्बन्ध छ। अन्तिम कथाले घुमाउरो पाराले पहिलो कथासँग जोड्दछ।

प्रत्येक कथाले येशू को हुनुहुन्छ भनेर उहाँका स्वभाव वा पक्षहरूको चित्रण गर्दछ। यो मर्कूस २:१०,१७,२८ मा व्यक्त गरेका कथनहरूले पुष्टि गर्दछ। यस अध्यायका पहिलो, दोस्रो र तेस्रो भागमा ती कथाहरूको गहिऱ्याइको अर्थमा जानेछौं र येशूका भनाइहरूमा अर्थहरू के हो भनेर हामी चिन्तन गर्नेछौं।

चौथौं र पाँचौं भागमा हामी मर्कूस ३:२०-३५को विषयबस्तु अध्ययन गर्नेछौं। सुसमाचारका लेखकले प्रयोग गरेको लेखन शैली वा तरिकालाई हामीले यी कथाहरूमा देख्न सक्छौं। त्यो शैली वा तरिकालाई "सैडन्विच वा चक्कीहरूको बिचमा खाँदिएका तथ्यहरू" भनिन्छ। यस खालको लेखनशैली मर्कूसको पुस्तकमा कमसेकमा ६ ठाउँमा देखापर्छ। प्रत्येक कथा वा मामिलामा येशूको स्वभावको केही महत्त्वपूर्ण पक्षलाई खुलासा गर्दछ। साथै उहाँको मसीहको भूमिका र चेलापनको स्वभाव वा गुणमा हामी ध्यान दिनेछौं।

***यस अध्यायमा येशूका विषयमा केही विवरणहरू पढ्नेछौं र तिनीहरूबाट हामी के सिक्न सक्छौं सो नियाल्नेछौं।***

## १. पक्षाघात भएकोलाई येशूले निको पार्नुहुन्छ

**जब पक्षाघातले सताएको बिरामीलाई येशूकहाँ ल्याइयो उसको अपेक्षा के थियो र उसले के पायो? हेर्नुहोस्, "केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने। अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई पुऱ्याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए। येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।"**

**तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?"**

**अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर हिँड़' भन्नु, कुनचाहिँ सजिलो छ? तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ।" त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो।**

**यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।" मर्कूस २:१-१२।**

पक्षाघात भएको मानिसका चार जना साथीहरूले उसलाई येशूकहाँ बोकेर लगेका थिए। हुलले गर्दा त्यस बिरामीलाई येशूकहाँ जान सकेन। जसरी भएतापनि येशूकहाँ जान तिनीहरूले अठौट गरेका थिए। त्यसकारण, तिनीहरूले छाना उघारेर भएतापनि त्यस मानिसलाई येशूकहाँ ओराले। मर्कूस २:५ मा लेखिएको छ कि येशूले तिनीहरूको विश्वासलाई देखे। विश्वासलाई कसरी देख्न सकिन्छ? प्रेम जस्तै कामद्वारा विश्वासलाई देख्न सकिन्छ। ती चार जनाको **दृढताले विश्वासको कामलाई देख्न सकिन्छ।**

**जब** येशूको अगाडि बिरामी उभिन्दा उसलाई भौतिक प्रयासको आवश्यकता थियो। येशूका पहिला शब्दहरूले नै उसका पापहरूबाट उसले क्षमा पाएको देखिन्छ। जे जे घटनाहरू भएका थिए त्यसबेला बिरामीले एउटा शब्द पनि बोलेको थिएन। तर धर्मगुरुहरूको दिमागमा येशूको बोलीलाई आपत्ती जनाएको थियो। तिनीहरू मुखबाट त केही बोलेनन् तर तिनीहरूको दिमागले येशूको वचनको विरोध जनाइरहेको थियो। येशूले ईस्वर निन्दा गरेर उहाँको बैइज्जत गरिरहेको ती धर्मगुरुहरूले सोचिरहेका थिए। तिनीहरूलाई थाहा थियो केवल परमेश्वरले मात्र पापलाई क्षमा गर्न सकिन्छ।

येशूले धर्मगुरुहरूकै भाषामा वा तिनीहरूले बुझ्ने गरेर त्यस समय उहाँ कमै देखिएतापनि उहाँले महान् परमेश्वरलाई औंल्याउनुभएको थियो। मानिसका पापहरू क्षमा गर्ने एउटा कुरो हो तर त्यो मानिस हिंड्न सक्ने तुल्याउने अर्को हो। परमेश्वरको शक्तिले मानिसलाई हिंडाउन सकिन्छ। उसको पाप क्षमा गर्ने दावी येशूमा अधिकार छ भनेर उसलाई हिंड्न लगाएर प्रमाणित गरेको थियो।

**येशू र धर्मगुरुहरूको बिचमा भइरहेको द्वन्द्वलाई मिका ६:६-८ ले कसरी खुलाउँछ? हेर्नुहोस्, " ६ के लिएर म परमप्रभुको सामु आऊँ, र उच्च भएका परमेश्वरको सामु निहुरूँ? के एक वर्षे बाछाहरू लिएर होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ? ७ के परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? ८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले**

**तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।"**

मानव कल्याणको वास्तविकतालाई ती धर्मगुरुहरूले बेवास्ता गरेका थिए। तिनीहरूले न्याय वा परमेश्वरसम्मत ठिक काम गर्नु, दया वा कृपा र परमेश्वरको सामु नम्र वा झुकेर हिँड्नु भन्ने विद्यालाई धर्मको नाउँमा पन्छाएका थिए। तिनीहरू परमेश्वरको पक्षमा उभिन अतिवादी भएका थिए। तर परमेश्वरको के ठिक थियो त्यो गर्न तिनीहरूका आँखाहरू अन्धा भएका थिए। ती धर्मगुरुहरूले येशूको बारेमा धारणा परिवर्तन गरे भनेर संकेत गरेको छैन। येशू परमेश्वरबाट आउनुभएको हो भनेर ती धर्मगुरुहरूको अगाडि प्रमाणित गर्नुभएको थियो। तिनीहरूको दिमागमा के खेलिरहेको छ वा दिमागलाई पढ्ने येशूको खुबी छ र बिरामीलाई निको पार्ने उहाँको शक्ति छ भनेर उहाँले प्रतक्ष प्रमाण गरेर देखाउनुभएको थियो। यस प्रमाणमा विवाद गर्ने ठाउँ नै थिएन।

**ती धर्मगुरु वा धर्मका नाइकेहरूको धरापमा हामी पनि नपर्न हामी कसरी होशियार हुने? औपचारिक धर्मलाई स्वीकार गरेर त्यसमा अतिवादी भएर सत्य धर्मको बाटोलाई नपन्छाउन हामी सतर्क हुनुपर्दछ। याकूब १:२७लाई हृदयमा सजाइ राख्नुहोस्ः "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।"**

## २. लेवीलाई बोलाउनुहुन्छ र उपवासको बारेमा येशूले सम्झाउनुहुन्छ

**अल्फाइयोसको छोरा लेबी को थियो र येशूको चेला हुन अरूको निम्ति किन आपत्ती थियो? हेर्नुहोस्, "१३ उहाँ फेरि एक पल्ट समुद्रको किनारमा जानुभयो। अनि मानिसहरूको एउटा ठूलो भीड उहाँकहाँ आयो, र उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो। १४ त्यसपछि जाँदैगर्दा उहाँले अल्फयसका छोरा लेवीलाई कर उठाउनेहरूको ठाउँमा बसिरहेका देख्नुभयो र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" तिनी उठेर उहाँको पछि लागे।**

**१५ उहाँ लेवीको घरमा भोजन गर्न बस्नुहुँदा कर उठाउने धेरै जना र पापीहरू पनि येशू र उहाँका चेलाहरूका साथमा बसिरहेका थिए। किनकि उहाँलाई पछ्याउनेहरू धेरै थिए। १६ उहाँ पापीहरू र कर उठाउनेहरूसँग खाइरहनुभएको देखेर फरिसी दलका शास्त्रीहरूले उहाँका चेलाहरूलाई भने, "तिनी किन कर उठाउनेहरू र पापीहरूसँग बसेर खान्छन्?"**

**१७ यो सुनेर येशूले तिनीहरूलाई भन्नुभयो, "निरोगीहरूलाई वैद्यको खाँचो पर्दैन, तर रोगीहरूलाई मात्र पर्छ। म धर्मीहरूलाई होइन, तर पापीहरूलाई बोलाउन आएको हुँ।" १८ यूहन्नाका चेलाहरू र फरिसीहरू उपवास बस्तथिए। मानिसहरूले आएर उहाँलाई भने, "यूहन्नाका चेलाहरू र फरिसीका चेलाहरू उपवास बस्तछन्, तर तपाईंका चेलाहरू किन उपवास बस्दैनन्?" १९ येशूले तिनीहरूलाई भन्नुभयो, "के दुलहा तिनीहरूका साथमा रहुञ्जेल जन्तीहरू उपवास बस्छन् र? जहिलेसम्म दुलहा तिनीहरूका साथमा हुन्छन् तिनीहरू उपवास बस्दैनन्। २० तर समय आउनेछ, जब दुलहा तिनीहरूबाट अलग गराइनेछन्, तब तिनीहरू त्यस दिन उपवास बस्नेछन्। २१ "कसैले पुरानो लुगामा नयाँ कपड़ाको टालो हाल्दैन, नत्रता टालेको कपड़ा फाटिनिस्कन्छ, अर्थात् नयाँ पुरानोबाट फाटेर निस्कन्छ, र फटाइ झन् नराम्रो हुनेछ। २२ अनि कसैले नयाँ दाखमद्य पुरानो छालाको मशकमा हाल्दैन, नत्रता त्यस दाखमद्यले छालाका मशकहरू फुटाइदिन्छ, र दाखमद्य र मशक पनि नष्ट हुन्छन्। तर नयाँ दाखमद्यचाहिँ नयैं भाँड़ामा हालिन्छ।" मर्कूस २:१३-२२।**

येशूको समयमा कर उठाउने व्यक्तिहरू कि त स्थानीय वा रोमी सरकारको कर्मचारी थिए। यहूदा क्षेत्रमा ती कर उठाउनेहरू लोकप्रिय थिएन अर्थात् तिनीहरूलाई तुच्छ ठान्दथे। तिनीहरूले आफ्नो खल्तीमा हाल्न चाहिनेभन्दा बढि कर लिन्थे। तिनीहरू भ्रष्ट थिए। आफ्ना देशका जनहरूको मोलमा तिनीहरू धनी हुन्थे। यदि कोही कर उठाउने मानिस कसैको घरमा गयो भने त्यो पूरै घर र त्यहाँ भएका मानिसहरू अशुद्ध मानिन्थ्यो। कर उठाउने मानिस समाजमा निच र तल्लो जातिको भनेर सबैले हेप्दथे।

त्यसकारण, धर्मगुरु, पण्डित र बुद्धिजीविहरूले कर उठाउनेकहाँ येशू जानुहुँदा तिनीहरूले यसरी घोर आपत्ति जनाएका थिए, "होइन उहाँ कर उठाउने र पापीहरूको बिचमा किन खानुहुन्छ?"

तिनीहरूको जिज्ञासा प्रति येशूको प्रतिक्रिया कस्तो थियो? तिनीहरूको धारणा प्रति येशू असहमत हुनु भएन। बरु उहाँ ती धारणको जरालाई उहाँले सम्बोधन गर्नुभयो, "स्वस्थ मानिसको निम्ति होइन बिरामीको निम्ति डाक्टरको आवश्यकता हुन्छ।" उहाँले आफूलाई अचुक आत्मिक डाक्टर हुनुहुन्छ भनेर दावी गरेर देखाउनुभएको थियो। उहाँले नै पापले ग्रष्त भएको बिरामीलाई निको पार्नुहुन्छ भनेर सबैलाई आभास दिनुभएको थियो। के बिरामी डाक्टरकहाँ जाने अधिकार छैन र?

मर्कूस २:१८-२२मा नयाँ विषयवस्तु थप्दछ। परमेश्वर र सैतानको बिचमा भइरहेको द्वन्द्वमा परमेश्वरको भूमिका कस्तो छ भनेर त्यस विषयवस्तुले खुलासा गर्दछ। पहिलेको अंशमा लेबीले उपलब्ध गराएको भोजको बारेमा चर्चा गरिएको छ भने मर्कूस २:१८-२२मा उपवासको बारेमा चर्चा गरिएको छ। जब बप्तिस्मा दिने यूहन्नाका चेलाहरू र फरिसी पण्डितहरू उपवास बस्छन् भने येशूका चेलाहरू किन उपवास बस्दैन भनेर प्रश्न गर्दा त्यसको जवाफ येशूले दिनुभएको थियो। विवाहको अर्तिकथाको माध्यमबाट आफ्नो उपस्थितिको बारेमा उहाँले जानकारी दिँदै उपवासको बारेमा उहाँले सुनाउनुहुन्छ। विवाह भोजको समयमा पाहुनाहरू उपवास बसे त्यो अत्यन्तै अनौठो हुन्थ्यो। तर एक दिन दुलहालाई लैजानेछ भनेर उहाँले भविष्यवाणी गर्नुहुन्छ। त्यो उहाँले क्रूसको बारेमा इङ्गित गर्नुभएको थियो। त्यसबेला उपवास बस्ने धेरै समय पाउनेछ।

नयाँ भाँडोमा दाखमद्य हाल्नु र पुरानो भाँडोमा दाखमद्य हाल्नुको बिचमा भिन्नता छ भनेर येशूले आफ्नो शिक्षालाई सुनाउनु हुन्छ। धार्मिक अगुवाहरूको शिक्षादीक्षा पुरानो भाँडामा राखिएको नयाँ दाखमद्य जस्तै हो भनेर उहाँले खुलासा गर्नुभएको थियो। येशू र धार्मिक अगुवा, पुजारी र पण्डितहरूका शिक्षादीक्षाहरू एक आपसमा बाझिएको छ भनेर उहाँले देखाउन खोज्नुभएको थियो। ती धार्मिक अगुवाहरू कतिको भ्रष्ट थिए भनेर येशूले भन्डाफोर गर्नुभएको थियो। सत्य धर्म नै किन नहोस्, यदि होशियार भएन भने त्यो पनि भ्रष्त मानिसहरूको बिचमा भ्रष्त नै देखिन सक्छ।

***येशूको समयमा तुच्छ मानिएका कर लिने कर्मचारीहरूलाई हेर्ने जस्तै अहिले पनि तिनीहरू को हुन्? तपाईंको दिमागमा तिनीहरूलाई कसरी अटाउन सक्नुहुन्छ?***

## ३. साबथको प्रभु

साबथलाई तोडे भनेर फरिसी पण्डितहरूले येशूका चेलाहरूलाई आरोप लगाएका थिए। यहूदीहरूको परम्परा अनुसार साबथमा ३९कामहरू गर्नुहुँदैन भनेर नियम बनाएको थियो। चेलाहरूले जे गरे त्यो साबथको नीति बिपरित भएको मानिन्थ्यो।

**फरिसीहरूको आरोपलाई येशूले कसरी प्रत्यारोप गर्नुभयो? हेर्नुहोस्, "२३ एक शबाथ-दिन उहाँ अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। त्यताबाट**

**जाँदा उहाँका चेलाहरूले हिँड्दाहिँड्दै अन्नका बाला टिप्न लागे। २४ यो देखेर फरिसीहरूले उहाँलाई भने, "हेर्नुहोस्, शबाथ-दिनमा जे गर्नु अनुचित छ तिनीहरू किन त्यही गर्दछन्?" २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "जब दाऊद र तिनीसँग हुनेहरू खाँचोमा परेका र भोकाएका थिए तब दाऊदले के गरे? के तिमीहरूले कहिल्यै पढ़ेका छैनौ? २६ प्रधान पूजाहारी अबियाथारको पालोमा परमेश्वरको भवनमा तिनी पसे, र परमेश्वरलाई चढ़ाइएको रोटी खाए, जो पूजाहारीले बाहेक अरूले खान अनुचित छ, र त्यो रोटी तिनको साथमा हुनेहरूलाई पनि दिए।" २७ तिनीहरूलाई उहाँले भन्नुभयो, "शबाथ-दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको निम्ति होइन।" मर्कूस २:२३-२७।**

पवित्र मन्दिरमा पवित्र रोटी दाउदले खाएको कथा भन्दै येशूले तिनीहरूलाई जवाफ दिनुभएको थियो (१ शमूएल २१:१-६)। साबथमा पवित्र रोटी हटाइन्थ्यो। त्यसकारण, दाउद आपतकालिन परिस्थितिमा साबथ दिनमा मन्दिरमा शरण लिन पुगेको हुन सक्छ। यदि दाउद र उनका मानिसहरूले त्यस पवित्र रोटीलाई खानु उचित ठह-याएको हुनाले साबथमा चेलाहरूले अन्न खाएको पनि न्यायोचितै मान्नुपर्छ भनेर येशूले औंल्याउनुभएको थियो।

मानिसको हितको निम्ति साबथ सृष्टि गरिएको हो भनेर येशूले अगाडि भन्नुहुन्छ। साबथको निम्ति मानिस सृष्टि गरिएको होइन भनेर उहाँले जिकिर गर्नुहुन्छ। उहाँ साबथको पनि प्रभु हुनुहुन्छ भनेर आफ्नो दावी ती पण्डितहरूको बिचमा प्रस्तुत गर्नुहुन्छ।

**साबथ मानव जीवनकै कल्याणको निम्ति सृष्टि गरिएको हो भनेर येशूले मर्कूस ३:१-६मा कसरी चित्रण गर्नुहुन्छ? हेर्नुहोस्, "१ पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो। त्यहाँ सुकेको हात भएको एक जना मानिस थियो। २ कतै उहाँले त्यसलाई शबाथ-दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरू उहाँको चेवामा थिए। ३ तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यता आऊ।" ४ उहाँले तिनीहरूलाई भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ?" तर तिनीहरू चूप लागिरहे। ५ तिनीहरूका हृदयको कठोरतामा दुःखित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसा-यो र त्यसको हात निको भयो। ६ तब**

**निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरूले तुरुन्तै हेरोदीहरूसँग उहाँको विरुद्धमा मतो गरे।"**

साबथको बारेमा यहूदी धर्मगुरु वा पण्डितहरूसँग येशूको मतभेद जनाउनुहुन्छ। (यो पनि ख्याल गर्नु उचित छ कि साबथ दिनकै औचित्यको बारेमा येशू र धर्मगुरुहरूको बिचमा द्वन्द्व कहिल्यै पनि भएको थिएन)। यदि साबथमा येशूले निको पार्नुभयो भने उहाँलाई दोष लगाउन वा धार्मिक अपराधी भनेर आरोप लगाउने नियत ती धर्मका पण्डितहरूको थियो। त्यस आरोपको सामना नगर्न येशू हट्नु भएन। असल र खराब गर्नुको बिचमा के भिन्नता छ वा मार्नु कि जीवन दिनु भनेर येशूले तिनीहरूको सामु प्रश्न गर्नुभएको थियो। त्यो प्रश्नको जवाफ स्पष्ट नै थियो; साबथमा असल काम गर्नु र मानिसको जीवनलाई बचाउनु नै अरू कुनै क्रियाकलापभन्दा उचित छ भनेर येशूले जिकिर गर्नुभएको थियो।

जे होस् भनेर येशूले पक्षाघात हात भएको मानिसलाई निको पार्न अग्रसर हुनुभयो। त्यस कामले गर्दा उहाँका प्रतिद्वन्दीहरू उहाँमाथि क्रोधित भए र उहाँको हत्या गर्ने योजना तुरन्तै बनाए। येशूले साबथ तोड्नुभयो भनेर आरोप लगाउनेहरूले नै त्यही दिनमा येशूको हत्या गर्ने योजना बनाएर तिनीहरूले नै साबथ तोडिरहेका थिए। (यो कस्तो यहूदी धर्म हो वा साबथ पालना हो, साबथमा अन्न टिप्नु हुन्न तर मानिसलाई मार्नुहुन्छ? यो धार्मिक अतिबादीको उपज हो-अनुवादक)।

**ती विवरणहरूबाट साबथको नीतिलाई कसरी अङ्गाल्नु सक्नुपर्छ? आधुनिक युगमा साबथ पालन गर्ने चुनौतीहरूलाई हामीले कसरी सामना गर्ने?**

## ४. सैन्डविच वा चक्कीको बिचमा भएको कथाः भाग १

**मर्कूस ३:२०-३५मा भएका कथाहरूको बिचमा के सम्बन्ध छ जसमा एउटै धारणा बुनिएको छ? हेर्नुहोस्, "२० त्यसपछि येशू फेरि घरतिर जानुभयो। फेरि भीड जम्मा भयो, यहाँसम्म कि उहाँहरूले भोजन खान पनि पाउनुभएन। २१ जब येशूका परिवारले यो सुने, तब उहाँलाई लैजानलाई उनीहरू निस्के, किनकि उहाँको मन ठेगानमा छैन भनी उनीहरू भन्थे। २२ यरूशलेमबाट आएका व्यवस्थाका शास्त्रीहरूले भने, "त्यसमा बालजिबुल भूत छ, र भूतहरूको मालिकद्वारा नै त्यसले भूतहरू निकाल्दछ।" २३ तर उहाँले तिनीहरूलाई आफूकहाँ बोलाएर दृष्टान्तहरूमा भन्नुभयो, "शैतानले शैतानलाई कसरी निकाल्न**

सक्छ? २४ कुनै राज्यको आपसमा फूट भयो भने त्यो राज्य टिक्न सक्दैन। २५ कुनै घरको पनि आपसमा फूट भयो भने त्यो घर टिक्न सक्नेछैन। २६ यदि शैतानले शैतानकै विरुद्धमा खड़ा भएर फाटो ल्याएको छ भने त्यो टिक्न सक्दैन, तर त्यसको अन्त्य आइसकेको हुन्छ। २७ कसैले बलियो मानिसको घरमा पसेर उसको धनमाल लुट्न सक्दैन जबसम्म त्यसले त्यो बलियो मानिसलाई पहिला बाँध्दैन। तब पो त्यसले उसको घर लुट्न सक्छ। २८ साँच्चै, म तिमीहरूलाई भन्दछु, मानिसहरूका सबै पाप र ईश्वर-निन्दा क्षमा गरिनेछन्, २९ तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ।' ३० उहाँले यो वचन भन्नुभयो, किनकि "उसमा अशुद्ध आत्मा छ" भनी तिनीहरूले भनेका थिए। ३१ तब उहाँकी आमा र उहाँका भाइहरू त्यहाँ आए, र बाहिरै खड़ा भएर उहाँलाई डाकिपठाए। ३२ भीड उहाँको वरिपरि बसिरहेको थियो र तिनीहरूले उहाँलाई भने, "हेर्नुहोस्, तपाईंकी आमा र तपाईंका भाइहरू तपाईंलाई बाहिर खोज्दैछन्।" ३३ उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "मेरी आमा र मेरा भाइहरू को हुन्?" ३४ अनि आफ्नो वरिपरि चारैतिर हेरेर उहाँले भन्नुभयो, "हेर, यी नै हुन् मेरी आमा र मेरा भाइहरू। ३५ किनकि जसले परमेश्वरको इच्छा पालन गर्छ त्यो नै मेरो भाइ र मेरी बहिनी र मेरी आमा हुन्।"

मर्कूसको  कथामा यो कथा पहिलो सैन्डिविच वा चक्किको कथा हो। एउटा कथा सुरु हुन्छ र अर्को कथाले हस्तक्षेप गरेको हुन्छ। पहिलो कथा दोस्रो अंशमा मात्र पूरा हुन्छ।

बाहिरी कथामा येशूका आफन्तहरूले येशूलाई पक्रेर उहाँको नियन्त्रण गर्न खोज्दछन्। उहाँको दिमाग ठिक छैन, उहाँ बौलाहा हुनुहुन्छ भनेर उहाँलाई दोष लगाउँछन् (मर्कूस ३:२१)। अनि त्यस बिचको भित्री कथामा यरुशलेमबाट आएका पण्डितहरूले उहाँलाई अशुद्ध आत्माको मालिकद्वारा उहाँले अशुद्ध आत्माहरू निकाल्नुहुन्छ भनेर आरोप लगाउँछन्। येशू सैतानसँग सहकार्य गरिरहनुभएको छ भनेर तिनीहरूले निश्कर्ष निकाल्छन्। (यस भागमा मर्कूस ३:२२-३०मा भएको भित्री कथामा ध्यान दिनेछौं)।

सैतानकै शक्तिले येशूले मानिसहरूलाई निको पार्नुहुन्छ भनेर धर्मगुरुहरूले उहाँलाई  दोष लगाउँछन्। येशूले पहिला प्रश्न नै गरेर त्यसको जवाफ दिनुहुन्छ, "सैतानले सैतानलाई कसरी धपाउँछ?" सैतान आफ्नै विरुद्धमा जान्छ भन्ने कुराको अर्थ लाग्दैन। अनि येशूले राज्य, परिवार र

सैतानकै बिचमा हुने विभाजनको बारेमा तर्क गर्नुहुन्छ। विभाजनले गर्दा सफल हुने कुरा कस्तो अनौठो हो भनेर उहाँले औँल्याउनुहुन्छ। अनि चोरले चोर्न आउँदा पहिले घरको बलियो मानिसलाई नियन्त्रणमा लिएर बाँध्नुपर्छ भनेर येशूले सुनाउनुहुन्छ। यस उदाहरणले येशू आफै चोर हुनुहुन्छ जसले सैतानको घरमा गएर उसलाई बाँध्नुहुन्छ। उहाँले अन्धकारको राजकुमारले पासोमा राखेकाहरूलाई स्वतन्त्र पार्नुहुन्छ।

**क्षमा नहुने पाप भनेको के हो र त्यसको अर्थ के हो सो मर्कूस ३:२८-३०मा पढ्नुहोस्, " २८ साँच्चै, म तिमीहरूलाई भन्दछु, मानिसहरूका सबै पाप र ईश्वर-निन्दा क्षमा गरिनेछन्, २९ तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ।' ३० उहाँले यो वचन भन्नुभयो, किनकि "उसमा अशुद्ध आत्मा छ" भनी तिनीहरूले भनेका थिए।"**

मानिसको चेतनामा सुरिलो आवाजमा बोल्नुहुने पवित्र आत्माको आवाजको विरुद्धमा बोल्नु नै क्षमा नपाउने पाप हो वा ईश्वर निन्दा हो। पवित्र आत्माको आवाजलाई सैतानको काम हो भनेर आरोप लगाउनु नै उहाँको विरुद्धमा जानु हो। येशू ख्रीष्टमा पवित्र आत्मा हुनुभएको परिवेशमा उहाँमा सैतानको आत्मा छ भनेर धर्मगुरुहरूले न्याय गर्नु उहाँको निम्ति घोर आपत्ति थियो। कोही पनि ठिक मनस्थिति भएको मानिस सैतानको अगुवाइमा चल्दैन।

**तपाईंले क्षमा नपाउने पाप गर्नुभएको डर नै तपाईंले पाप गर्नुभएको छैन भनेर कसरी प्रकट हुन्छ? डर आफैंले तपाईंले त्यस पाप गरेको छैन भनेर कसरी प्रमाणित हुन्छ?**

## ५. सैन्दबिच वा चक्की कथाः भाग २

**येशूका के स्वभाव वा अनुभवले गर्दा उहाँ बहुला भएको हो वा उहाँको दिमाग ठिक छैन भनेर उहाँका परिवारले ठानेका थिए? हेर्नुहोस्: " २० त्यसपछि येशू फेरि घरतिर जानुभयो। फेरि भीड जम्मा भयो, यहाँसम्म कि उहाँहरूले भोजन खान पनि पाउनुभएन। २१ जब येशूका परिवारले यो सुने, तब उहाँलाई लैजानलाई उनीहरू निस्के, किनकि उहाँको मन ठेगानमा छैन भनी उनीहरू भन्थे।" मर्कूस ३:२०-२१।**

दिमाग ठिक छैन वा सन्तुलनमा छैन भनेर दोष लगाउनु अत्यन्ति गम्भीर दोष हो। खास गरेर आफ्नो सुरक्षाको ख्याल नगर्ने चर्तिकलाले गर्दा मानिसको दिमाग ठिक छैन भनेर बताएको हुन्छ। व्यस्तताको कारण येशूको खान समय नै नभएको देख्दा उहाँको मन ठेगानामा छैन भनेर परिवारले सोचेका थियो। तिनीहरू उहाँलाई आफ्नो नियन्त्रणमा लिन खोजेका थिए। त्यसबेला सैन्डविच वा चक्कीको बाहिरी भाग टुक्रिन्छ। पण्डितहरूले नै उहाँ सैतानसँग एकमत भएर काम गरिरहेको छ भन्ने आरोपको बिचमा परिवारले उहाँको मनस्थित ठिक छैन भनेर सोच्दा धर्मगुरुहरूको आरोप ठिकै थियो भनेर सहमत देखाउँछ।

बाहिरिय मानिसहरूले येशू सैतानसँग मिलेर काम गर्नुहुन्छ भनेर आरोप लगाउँछ भने आफ्नै परिवारले उहाँलाई बहुला भएको भनेर सोच्दछ। यसलाई अनौठो नै मान्नुपर्दछ।

**येशूको परिवारको चाहना के थियो र उहाँले कसरी प्रतिक्रिया जनाउनुभयो? हेर्नुहोस्, " ३१ तब उहाँकी आमा र उहाँका भाइहरू त्यहाँ आए, र बाहिरै खड़ा भएर उहाँलाई डाकिपठाए। ३२ भीड उहाँको वरिपरि बसिरहेको थियो र तिनीहरूले उहाँलाई भने, "हेर्नुहोस्, तपाईंकी आमा र तपाईंका भाइहरू तपाईंलाई बाहिर खोज्दैछन्।"**

**३३ उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "मेरी आमा र मेरा भाइहरू को हुन्?" ३४ अनि आफ्नो वरिपरि चारैतिर हेरेर उहाँले भन्नुभयो, "हेर, यी नै हुन् मेरी आमा र मेरा भाइहरू। ३५ किनकि जसले परमेश्‍वरको इच्छा पालन गर्छ त्यो नै मेरो भाइ र मेरी बहिनी र मेरी आमा हुन्।" मर्कूस ३ः३१-३५।**

यो दृश्य अनौठो देखिन सकिन्छ। तपाईंका आमा र परिवारले तपाईंलाई भेट्न आए के तपाईंले तिनीहरूलाई भेट्न जानुहुन्न र? तर समस्या के ठियो भने येशूको परिवार परमेश्वरको लयमा थिएन। जसले परमेश्वरको इच्छा पालन गर्छ तिनीहरू नै येशूका भाइ, बहिनी र आमा हुन्। उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ र जो परमेश्वरको लयमा आफूलाई चलाउँछन् तिनीहरू येशूका परिवार हुन्छन्।

मर्कूसका ती दुई सैन्डविच वा चक्की कथाहरूमा गहिरो विडंवना वा मजाक छन्। भित्री कथामा येशूले भन्नुहुन्छ कि विभाजित घर थाम्न सकिन्दैन। बाहिरी रूपमा झट्ट हेर्दा येशूका आफ्नै घर वा परिवार विभाजित भएको देखिन्छ। तर परिवारको नयाँ व्याख्याले उहाँको अर्थलाई प्रष्ट

पार्नुहुन्छ। उहाँका वास्तविक परिवार त्यो हुन् जसले उहाँसँग मिलेर परमेश्वरको इच्छालाई पालन गर्छन् (हेर्नुहोस् लूका १२:५३, १४:२६)।

येशूभक्तको इतिहासमा धेरै मानिसहरू आफ्ना नातेदारहरूसँग अलगिएको महसुस गरिएको पाउँछन्। यो कठिन अनुभव हो। मर्कूसको यस कथाले येशू पनि त्यही अनुभवमा पर्नुभएको थियो भनेर देखाउँछ। आफन्तहरूबाट पर हुनु भनेको के हो उहाँले बुझ्नु हुन्छ र जो आफ्नो आस्थाको कारण परिवारबाट पीडादायी भएर पन्छिएको वा आइसोलेशनमा बस्नेहरू प्रतिको अनुभव उहाँले बुझ्नुहुन्छ र सान्त्वना दिनुहुन्छ।

## उपसंहारः

**थप जानकारीः एलेन जी. ह्वाइटको पुस्तक द डिजाएर अभ एजेजको पृ. २७२-२८२को "लेबी माथ्यु," र पृ. २८१-२८९को "द साबथ।"**

"**जब** साबथमा रोग निको पार्नु जायज वा धार्मिक नीतिसम्मत छ'" भनेर प्रश्न गर्दा येशूले नै यो जवाफ दिनुभयो, 'तिमीहरूका भेँडाहरूमा एउटा भेँडा साबथ दिनमा नै खाल्डोमा खसे के तिमीहरूले उसलाई उद्धार गर्दैनौ र? के मानिस भेँडाभन्दा मूल्यवान छैन र? त्यसकारण, साबथ दिनमा असल काम गर्नु जायज वा नीतिसम्मत छ।' मत्ती १२:१०-१२।

"सुराकीहरूले भीडको सामु येशूसँग सवालजवाफ चाहेनन्। तिनीहरू आफै धरापमा पर्छन् भनेर डराएका थिए। उहाँले सत्य बोल्नुभएको तिनीहरूलाई थाहा थियो। परम्परालाई तोड्नुभन्दा तिनीहरूले बिरामी साबथमा कष्टमै रहेको तिनीहरू चाहन्थे। तर अमुक पशुलाई तिनीहरूले उद्धार गर्न बेवास्ता नगर्न राजी थिए। मानिसलाई भन्दा पशु तिनीहरूको निम्ति ठूलो मूल्यको थियो। तर परमेश्वरको प्रतिरूपमा बनिएको मानिसलाई तिनीहरूले पशुलाई भन्दा नीच ठान्न पुगेका थिए। यो सबै गलत धर्महरूको कामको भन्डाफोर गर्दछ। परमेश्वरभन्दा आफूलाई माथि राख्न मानिसको चाहनाले गर्दा मानिस अमुक पशुबाट नीच हुन पुगेको थियो। प्रत्येक धर्म जसले परमेश्वरको सार्वभौमलाई लुट्न खोज्छ त्यसले मानिसको मूल्य मान्यतालाई पन्छाउन खोजेको हुन्छ। मानिस सृष्टिका परमेश्वरको स्वरूपमा सृष्टि गरिएको हुनाले उसको उचित सम्मान, आदर र इज्जत गर्नुपर्छ। मानिस येशूको प्रतिरूपमा पुनर्स्थापित गर्नु आवश्यक छ। प्रत्येक झुटो वा कठित धर्मले मानव आवश्यकता, दुखकष्ट र अधिकार प्रति बेवास्ता गरेको हुन्छ (वा कर्मको

नाउँमा राहत दिन आँखा चिम्लिन्छ)। सुसमाचारले मानिसको मूल्य उच्च स्थानमा राख्दछ किनकि मानिस ख्रीष्टको रगतले किनिएको हो। मानवीय आवश्यकता र दुःखमा संवेदनशील हुन, कोमल हुन र दया देखाउन सुसमाचारले सिकाउँदछ। प्रभुले भन्नुभएको छ, 'म मानिसलाई निखुर सुनभन्दा दुर्लभ र ओपीरको सुनभन्दा पनि अझ अप्राप्य बनाउनेछु।' यशैया १३:१२।" डिजाएर अभ एजेज, २८६,२८७।

**चिन्तनमननः**

अ. पक्षाघात भएर चुपचाप दुःख सहेर बसेका मानिस प्रति तपाईंको चर्चले कस्तो रणनीति कदम चाल्न सक्दछ?

आ. येशूलाई अस्वीकार गर्ने धर्मका गुरुहरू घृणा, परम्परा, दर्शन र धर्मले गर्दा अन्धो भएको सोच्नुहोस्। उहाँका आश्चर्य काम प्रति तिनीहरूले आँखा चिम्लेका थिए। उहाँका कामहरूले तिनीहरूका दिमागहरू उहाँको निम्ति खोल्नु पर्दथ्यो, होइन र? हामी पनि धर्मको नाउँमा मानिसहरूलाई हेप्ने प्रवृत्तिबाट कसरी उम्किने?

इ. आस्थाको कारण आफ्नो परिवारबाट अलगिनु वा आइसोलेशनमा बस्नु परेका मानिसहरूलाई तपाईंको चर्च परिवारमा कसरी हुल्न सक्नुहुन्छ?

ई. "क्षमा नहुने पापको" पापको बारेमा अझ सोच्नुहोस्। यो पापमा हामी नफस्न कसरी सतर्क हुन सक्छौं?

## कथा ३
## "उपवास र प्रार्थनाबिना"

चौधह वर्षकी पेयल त्यही उमेरकी साथीसँग धेरै मिल्थ्यो। तिनीहरू हाँसीखुशी खेल्दथे र सँगसँगै घुम्दथे।

तर एक दिन उक्त साथीले आत्महत्या गरेको खबर पाएपछि पेयलको जीवन नै परिवर्तन हुन थाल्यो। उनी सबैसँग हेमचेम गर्ने बानी भएकी थिइन्, तर साथीको मृत्युपछि उनी उदासिन भएर एक्लै कुनामा चुपचाप ढुक्रेर बस्न थालिन्। अनि बिनाकारण डरले थुरथुर कामेर चिच्याउन थालिन्। डरले रन्थनिएकी पेयलकहाँ उनकी मरेकी साथी जस्तोले भेट्न आएको उनले सुनाउन थालिन्।

त्यो भुतको रूप लिएको साथीले उनलाई भन्यो, "मसँग आऊ। म तिमीलाई सँगै लान्छु।"

दुई पल्ट पाएल बरन्दाबाट हाम फाल्न खोजिन्, तर उनका बाबुआमाले उनलाई रोके।

अत्यन्तै हताश र  निराश भएर बाबुआमाले रुस्टमसँग सहयोगको निम्ति अनुरोध गरे। रुस्टम ग्लोबल मिसका स्वयंम सेवक थिए। पायल रहेको एशियाको सहरमा चर्च थिएन। रुस्टमले त्यहाँ गएर सुसमाचार प्रचार गरे र त्यहाँ चर्च स्थापना गरेका थिए। पायलको परिवारले येशूलाई विश्वास गर्दैनथे। तर उनकी फुपुलेचाहिँ येशूलाई विश्वास गर्दथी। उनले पायलका बाबुआमालाई रुस्टमको बारेमा सुनाएकी थिइन्। रुस्टमलाई घरमा बोलाइयो र उनले पायलको बारेमा जानकारी लिए। पायलले मरेको साथी होइन तर दुष्ट आत्माले उनलाई दुःख दिइरहेको र येशूसँग प्रार्थना गर्नुपर्ने सुझाव दिए।

रुस्टमाले चर्चका चार सदस्यहरूलाई पाएलको घरमा लगे। तर पायल चुपचाप बस्न सकिन। उनी उफ्रिन् र हात उचालेर तलमाथि गरिन्। उनी उफ्रेर खुट्टाहरू भुईंमा बजारिन्। उनलाई दुष्ट आत्माले छोपेको थियो। पाहुनाहरू भजन गाए। जब भजनमा येशूका नाउँ लिइन्थ्यो तब उनी निस्सासिएर चिच्याउँथी, "रोक! म सास फेर्न सक्दिनँ! कसैले मेरो घाँटी अँठ्याइरहेको छ!"

रुस्टम अकमकिए। के भइरहेको थियो, उसलाई थाहा थिएन। अनि चेलाहरूले दुष्ट आत्मालाई पन्छाउन नसकेको बाइबलको कथा याद आयो। चेलाहरूले किन दुष्ट आत्मालाई पन्छाउन सकेन भनेर येशूसँग सोध्दा उहाँले

यो जवाफ दिनुभएको थियो, "प्रार्थना र उपवासबिना दुष्ट आत्मालाई धपाउन सकिन्दैन।"मत्ती १७:२१। रुस्टमले केही ग्लोबल मिसिनेरी पायोनियरहरूलाई बोलाए र दुई दिनसम्म उपवासबसे र प्रार्थना गरे। त्यसपछि तिनीहरू पाएलको घरमा फर्के। तिनीहरूको साथमा सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर पनि थिए।

जब पायलले पाहुनाहरू देखिन् तब उनी भाग्न खोजिन्। तिनी चिच्चाएर उफ्रिन। उनलाई चार जनाले समाती राखे। तर तिनीहरूले उनलाई शान्त गर्न सकेन। जब पाहुनाहरू आधा घन्टासम्म भजन गाइ रहे उनी पनि चिच्याइ नै रहे। अनि उनी अचेत भइन्। पास्टरले बाइबलबाट येशूको शक्तिको बारेमा प्रचार गरे। रूस्टमले पायलको अनुहारमा पानी छर्के। एक छिनपछि उनी ब्युँझिन्। कसैले उनलाई पानी पिउन दियो।

त्यस दिनदेखि रुस्टम पायल र उनको परिवारसँग प्रार्थना र आराधना गर्न प्रत्येक दुई हप्तामा फर्के। दुष्ट आत्माको रूप उनले देख्न छोडिन्। उनी फेरि पुरानै मिलनसार केटी हुन थालिन्। "पहिलो पल्ट पायलको घरमा जान हामी तयार थिएनौं। येशूकै निर्देशन अनुसार हामीले उपवास बसेर प्रार्थना गऱ्यौं अनि दोस्रो पल्ट पायलकी दुष्ट आत्मासँग मुकाबिला गर्न हामी तयार भयौं," रूस्टमले यस लेखकलाई सुनाए।